आज मिति २०८१/१०/०४ गते शुक्रबारका दिन गैंडाकोट नगरपालिकाको नगरसभाको चौधौं अधिवेशनको बैठक नगरप्रमुख श्री मदन भक्त अधिकारीज्यूको अध्यक्षतामा बसी बैठक बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरियो।

| सि.नं. | पद | वडा नं. | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | नगर प्रमुख (सभाध्यक्ष) | | मदन भक्त अधिकारी | |
| २ | नगर उपप्रमुख | | शान्ती कोईराला | |
| ३ | नगरसभा सदस्य | १ | सुरेन्द्र प्रसाद रेग्मी | |
| ४ | नगरसभा सदस्य | १ | सिता सापकोटा | |
| ५ | नगरसभा सदस्य | १ | चेलीमाया साम मगर | |
| ६ | नगरसभा सदस्य | १ | लक्ष्मी चालिसे | |
| ७ | नगरसभा सदस्य | १ | प्रेम कुमारी वि.क. | |
| ८ | नगरसभा सदस्य | २ | प्रकाश सापकोटा | |
| ९ | नगरसभा सदस्य | २ | सीता श्रेष्ठ | |
| १० | नगरसभा सदस्य | २ | काशी राम अर्याल | |
| ११ | नगरसभा सदस्य | २ | खग राज आचार्य | |
| १२ | नगरसभा सदस्य | २ | सकिला छिनाल(परियार) | |
| १३ | नगरसभा सदस्य | ३ | शिवकान्त तिवारी | |
| १४ | नगरसभा सदस्य | ३ | सुर्यमाया दर्लामी मगर | |
| १५ | नगरसभा सदस्य | ३ | बेद बाहादुर थापा मगर | |
| १६ | नगरसभा सदस्य | ३ | गोपाल पुलामी | |
| १७ | नगरसभा सदस्य | ३ | सुकमाया वि.क. | |
| १८ | नगरसभा सदस्य | ४ | तेज प्रसाद घिमिरे | |
| १९ | नगरसभा सदस्य | ४ | इन्द्रकला घिमिरे | |

| सि.नं. | पद | वडा नं. | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|---|
| २० | नगरसभा सदस्य | ४ | हरि पौडेल | |
| २१ | नगरसभा सदस्य | ४ | शान्ता घर्ती | |
| २२ | नगरसभा सदस्य | ४ | धन माया परियार | |
| २३ | नगरसभा सदस्य | ५ | रत्न प्रसाद सापकोटा | |
| २४ | नगरसभा सदस्य | ५ | शान्ती न्यौपाने | |
| २५ | नगरसभा सदस्य | ५ | तुलसीराम गौतम | |
| २६ | नगरसभा सदस्य | ५ | द्रोण बन सन्यासी | |
| २७ | नगरसभा सदस्य | ५ | उषा परियार | |
| २८ | नगरसभा सदस्य | ६ | शुभाष चापागाई | |
| २९ | नगरसभा सदस्य | ६ | पवित्रा अधिकारी | |
| ३० | नगरसभा सदस्य | ६ | चन्द्र बहादुर विश्वकर्मा | |
| ३१ | नगरसभा सदस्य | ६ | रण बहादुर दरै | |
| ३२ | नगरसभा सदस्य | ६ | कल्पना परियार | |
| ३३ | नगरसभा सदस्य | ७ | होमनाथ सापकोटा | |
| ३४ | नगरसभा सदस्य | ७ | ईश्वरी जि. सी. | |
| ३५ | नगरसभा सदस्य | ७ | धन बहादुर कुमाल | |
| ३६ | नगरसभा सदस्य | ७ | तारापति त्रिपाठी | |
| ३७ | नगरसभा सदस्य | ७ | छली माया परियार | |
| ३८ | नगरसभा सदस्य | ८ | प्रेम सापकोटा | |
| ३९ | नगरसभा सदस्य | ८ | कमला आचार्य | |
| ४० | नगरसभा सदस्य | ८ | खगेश्वर सापकोटा | |

| सि.नं. | पद | वडा नं. | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|---|
| ४१ | नगरसभा सदस्य | ८ | तर्क बहादुर थापा | |
| ४२ | नगरसभा सदस्य | ८ | सुशिला परियार | |
| ४३ | नगरसभा सदस्य | ९ | धामनाथ सापकोटा | |
| ४४ | नगरसभा सदस्य | ९ | गमता भट्टराई (पाण्डे) | |
| ४५ | नगरसभा सदस्य | ९ | ज्ञान प्रसाद खनाल | |
| ४६ | नगरसभा सदस्य | ९ | दिनेश कुमाल | |
| ४७ | नगरसभा सदस्य | ९ | विन्दु माया वि.क. | |
| ४८ | नगरसभा सदस्य | १० | देवी दत्त कंडेल | |
| ४९ | नगरसभा सदस्य | १० | हरि कला थापा मगर | |
| ५० | नगरसभा सदस्य | १० | मन बहादुर थापा | |
| ५१ | नगरसभा सदस्य | १० | पुजा वि.क | |
| ५२ | नगरसभा सदस्य | ११ | गोविन्द प्रसाद सुवेदी | |
| ५३ | नगरसभा सदस्य | ११ | मोती कुमारी खड्का | |
| ५४ | नगरसभा सदस्य | ११ | गुरु प्रसाद पौडेल | |
| ५५ | नगरसभा सदस्य | ११ | कासी राम महतो | |
| ५६ | नगरसभा सदस्य | ११ | कुमारी नेपाली | |
| ५७ | नगरसभा सदस्य | १२ | चक्रपाणी कंडेल | |
| ५८ | नगरसभा सदस्य | १२ | भिम कुमारी चौधरी | |
| ५९ | नगरसभा सदस्य | १२ | बाबुराम रिजाल | |
| ६० | नगरसभा सदस्य | १२ | जिवराज महतो | |
| ६१ | नगरसभा सदस्य | १२ | जसमती वि.क. | |

| सि.नं. | पद | वडा नं. | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|---|
| ६२ | नगरसभा सदस्य | १३ | मधुकर मल्ल | |
| ६३ | नगरसभा सदस्य | १३ | माया कुमारी पौडेल | |
| ६४ | नगरसभा सदस्य | १३ | ऋषि राम गौतम | |
| ६५ | नगरसभा सदस्य | १३ | धनिराम थनेत | |
| ६६ | नगरसभा सदस्य | १३ | इन्द्रा धमाल | |
| ६७ | नगरसभा सदस्य | १४ | कोकिसरा राना मगर | |
| ६८ | नगरसभा सदस्य | १४ | चन्द्र माया सिंजाली | |
| ६९ | नगरसभा सदस्य | १४ | पशुपती देवकोटा | |
| ७० | नगरसभा सदस्य | १४ | टेक बहादुर सारु | |
| ७१ | नगरसभा सदस्य | १४ | निर्मला सुनार | |
| ७२ | नगरसभा सदस्य | १५ | प्रेम राज तिमल्सेना | |
| ७३ | नगरसभा सदस्य | १५ | गिता पौडेल | |
| ७४ | नगरसभा सदस्य | १५ | राजेस गिरी | |
| ७५ | नगरसभा सदस्य | १५ | ओम राज गुरुङ्ग | |
| ७६ | नगरसभा सदस्य | १५ | कौशिला सार्की | |
| ७७ | नगरसभा सदस्य | १६ | विनोद कुमार मल्ल | |
| ७८ | नगरसभा सदस्य | १६ | देवी अधिकारी | |
| ७९ | नगरसभा सदस्य | १६ | दिनेश देवकोटा | |
| ८० | नगरसभा सदस्य | १६ | रत्न बहादुर वोहरा | |
| ८१ | नगरसभा सदस्य | १६ | सरिता देवी दर्जि | |
| ८२ | नगरसभा सदस्य | १७ | गोपी कंडेल | |

| सि.नं. | पद | वडा नं. | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|---|
| ८३ | नगरसभा सदस्य | १७ | मान कुमारी सापकोटा | |
| ८४ | नगरसभा सदस्य | १७ | तेज बहादुर वोहोरा | |
| ८५ | नगरसभा सदस्य | १७ | डिल्ली राम सापकोटा | |
| ८६ | नगरसभा सदस्य | १७ | माया दमै | माया |
| ८७ | नगरसभा सदस्य | १८ | तिल बहादुर चितौरे | |
| ८८ | नगरसभा सदस्य | १८ | टेक माया सोती | टेक माया |
| ८९ | नगरसभा सदस्य | १८ | चम बहादुर सुनारी | |
| ९० | नगरसभा सदस्य | १८ | कर्ण बहादुर माकिम मगर | |
| ९१ | नगरसभा सदस्य | १८ | तारा माया विश्वकर्मा | तारा |
| ९२ | नगरसभा सदस्य | | सिता दराई | |
| ९३ | नगरसभा सदस्य | | उर्मिला वि.क. | |
| ९४ | नगरसभा सदस्य | | राजकुमार कुमाल | |
| ९५ | सचिव | | झविन्द्र खनाल | |

**मिति २०८१।१०।०४ गते सम्पन्न गैंडाकोट नगरपालिकाको १६ औं नगर सभाका निर्णयहरु:**

**निर्णय नं. १** आर्थिक वर्ष २०८१/८२ को सातौं नगर कार्यपालिकाबाट पेश भएका देहाय बमोजिमका ऐन तथा ऐनहरुको संशोधन सभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल:

१. गैंडाकोट नगरपालिकाको वन ऐन,२०८१

२. गैंडाकोट नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन,२०७९ को दोस्रो संशोधन २०८१

**निर्णय नं. २** गैंडाकोट नगरपालिका र अन्तर्गतका कार्यालयबाट चालु आर्थिक वर्ष २०८१/०८२ मा हालसम्म भएको प्रगतिको समीक्षा गर्दै, हालसम्मको कार्य प्रगति सन्तोषजनक रहेकोले आजको मितिसम्म सञ्चालित योजना / कार्यक्रमहरुको कार्यलाई सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाको विभिन्न कार्यपालिकाबाट निर्णय भएका योजना तथा नगर स्तरीय, उपभोक्ता तथा कार्यालयगत रुपमा भए गरेका विभिन्न वडाहरुमा कार्यान्वयन/ सञ्चालनमा रहेका एवं कार्य सम्पन्न भएका योजना तथा बजेटलाई अनुमोदन गरी फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ मा हालसम्म भएका कार्यहरुको सारांशात्मक प्रगति विवरण यसै सभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका र अन्तर्गत वडा नगर कार्यपालिकाबाट विभिन्न वडा समितिको निर्णयानुसार मिति २०८१/१०/०३ गते सम्म पेश भएका योजनाहरुलाई सोही वडा भित्रका अन्य योजनाहरुमा रकमान्तर/शिर्षकान्तर गरी कार्यान्वयन गर्ने कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) को कार्य गर्न परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री लुम्बिनी इन्जिनियर्स एण्ड रिसोर्स कन्सल्टेन्ट प्रा.लि. रु.न.पा.-८ कम्पनीले पेश गरेको प्रतिवेदनलाई विज्ञहरुको राय सुझाव सहित सुशासन तथा संस्थागत विकास समिति र सुशासन समितिबाट संशोधन सहित सिफारिस भई आएकोले गैंडाकोट नगरपालिकाको कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M) मा उल्लेख भएको जम्मा २७९ जना कर्मचारीहरुको दरबन्दी संरचनालाई १६ औं नगर सभाको अधिवेशनबाट संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो । साथै गैंडाकोट नगरपालिकामा साबिक नगरपालिका कार्यालयमा कार्यरत ४ जना कर्मचारी, भुमि आयोगको कार्य गर्ने प्रयोजनका लागि नियुक्त भएका डाटा प्रविष्टि कर्ता एवं नागरिक सेवा केन्द्र राख्ने भनी निर्णय भएका २ जना समेत गरी ६ जना कर्मचारी, शिक्षा शाखाको १ जना, महिला बालबालिका एवं जेष्ठ नागरिक उपशाखाका कार्यरत १ जना र दर्ता चलानी उपशाखा १ जना गरी जम्मा १० जना कर्मचारीहरुलाई नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी नगरपालिकाको थप आर्थिक दायित्व नपर्ने गरी हाल सहायक कम्प्युटर अपरेटर पद सृजना गरी मासिक रु. २८,०००।-का दरले दिने साथै सामाजिक कार्यक्रमका २ जना कर्मचारी संस्थालाई सोही अनुसार सुविधा दिने निर्णय गरियो ।

[illegible] अधिकारी

नगर प्रमुख

**निर्णय नं. ७** कोहिनुर कन्सट्रक्सन प्रा.लि. बानेश्वर, काठमाण्डौंबाट सडक कालोपत्रेका लागि प्रयोग हुने वातावरणमैत्री अस्फाल्ट मेसिन राख्ने प्रयोजनको लागि आवश्यक पर्ने जग्गा भाडामा प्राप्त गर्न माग भई आएकोमा नेपाल सरकारको नाममा दर्ता कायम भई गैंडाकोट नगरपालिकाको संरक्षणमा रहेको गैंडाकोट वडा नं.७ कित्ता नं. १ क्षेत्रफल १०१४८१.६५ वर्ग मिटर मध्ये उत्तर पूर्व तर्फको २७०९० वर्ग मिटर (चार विगाह ४-००-००) जग्गा वार्षिक रु ६ लाख भाडा लिने गरी कोहिनुर कन्सट्रक्सन प्रा.लि. बानेश्वर, काठमाण्डौंलाई जग्गा भाडामा प्रदान गर्ने भनी आ.व.२०८१/०८२ को मिति २०८१।०८।२३ गतेको पाँचौं नगर कार्यपालिका बैठकको निर्णय नं. १४ बाट गरिएको निर्णय एवं सो निर्णयको आधारमा गरिएको दुई पक्षीय सम्झौतालाई रद्द गर्ने निर्णय गरियो । साथै कोहिनुर कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौंले अस्फाल्ट प्लान्ट स्थापना गरी अस्फाल्ट कंक्रिट उत्पादन गर्न माग गरेकोले, नगर क्षेत्र भित्रका निजी, नम्वरी जग्गामा, IEE/ EIA प्रदेश सरकारबाट स्वीकृत गरी अधिकार प्राप्त कार्यालयबाट नियमानुसार अनुमति/ स्वीकृत प्राप्त पश्चात नगरपालिकाको तर्फबाट सञ्चालन अनुमति प्रदान गर्न नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.८** गैंडाकोट नगरपालिका वडा नं. ११ मा अवस्थित नगर अस्पताललाई प्रादेशिक अस्पतालको रुपमा स्तरोन्नति गराउन आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.९** गैंडाकोट नगरपालिकाका विभिन्न वडा समितिबाट सिफारिस भई आएका एवं नगर भित्रका विभिन्न संघ संस्थाहरुबाट बजेट माग भई आएका योजना एवं कार्यक्रमहरुलाई आवश्यकता र औचित्यका आधारमा नगर प्रमुख स्तरीय निर्णय समेतका आधारमा नगर कार्यपालिकालाई रु. १ करोड ६० लाख रुपैया भित्रको सिमामा रही आकस्मिक तथा अन्य भैपरी आउने पूँजीगत शिर्षक, अन्य सार्वजनिक निर्माण, अन्य संस्था सहायता ,अन्य सामाजिक सहायता र लागत सहभागीताका योजना शिर्षकबाट बजेट विनियोजन गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०** निर्माणाधीन नगर अस्पतालको निर्माणको म्याद २०८२ आश्विन मसान्त सम्म थप गर्ने साथै गैंडाकोट आधारभूत अस्पताललाई स्तरोन्नति गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं.११** गैंडाकोट नगरपालिका वडा नं. ७ को कित्ता नं. १ नेपाल सरकारको नाममा दर्ता कायम रहेको जग्गाको पश्चिम तर्फबाट १० बिघा जग्गामा स्थायी प्रकृतिको फोहोर मैला व्यवस्थापनको लागि बैज्ञानिक तथा आधुनीक प्रशोधन केन्द्र पार्क एवं अध्ययन केन्द्र निर्माणको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को मिति २०८१/१०/०२ को सातौं कार्यपालिका बैठकबाट स्वीकृत भएको गैंडाकोट नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०८१ लाई कार्यान्वयन नगर्ने गरी हाललाई स्थगन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३** आर्थिक बर्ष २०७९।०८० को श्रेस्ताहरु महालेखा परीक्षकको कार्यालयबाटलेखापरीक्षण गर्दा देखिएका बेरुजु मध्ये निम्न बमोजिम जम्मा रु. ८०,८९,६३६ नियमसंगत नभएको भनी बेरुजु कायम भएको सन्दर्भमा यस कार्यालयले स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरेका कार्यक्रममा मात्र खर्च गरेको, खर्च गर्दा विधिसम्मत र प्रचलित ऐन कानून अनुसार नै खर्च गरेको, यसरि खर्च गर्दा कार्यक्रमले निर्दिष्ट गरेका उध्येश्यहरु पुरा गर्न सहयोग पुगेको र यसबाट सरकारी हानी नोक्सानी पनि केहि नभएको एवं थप व्ययभार पनि नपरेको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ बमोजिम गठित लेखा

मदन भक्त अधिकारी
नगर प्रमुख

समितिमा छलफल भई प्राप्त प्रमाणहरुका आधारमा आ.व. २०७९।०८० को रु. ८०,८९,६३६ /- बेरुजुलाई नियमित गर्ने निर्णय गरियो ।

**१. दफा ३० मा** पालिकाले फोहोरमैला वैज्ञानिक र आधुनिक प्रशोधन केन्द्र सहितको पार्क तथा केन्द्र स्थापनाको लागी डि.पि. आर प्रतिवेदन तयार गर्नको लागी इनरिच नेपाललाइ भुक्तानी गरेकोमा पार्क निर्माणका लागी चालु आ.व. मा बजेट विनियोजनको सुनिश्चितता नै नभएको आयोजना को डि.पि.आर बापतको खर्चको प्रभावकारीता एवं औचित्यता नभएकोले अनियमित देखिएको भनी रु. ८४०७२० बेरुजु कायम भएको ,

उल्लेखित प्रतिवेदनको दफा ३० को बेरुजुको सम्बन्धमा आ.व. २०७९।०८० को स्विकृत बार्षिक कार्यक्रममा श्रोत अभावको कारण बजेट विनियोजन गर्न सकिएन, तर यस सम्बन्धि विस्तृत अध्यन गरिएको आ.ब २०८०/०८१ मा यस कार्यको लागी रु. ५० लाख र आ.ब २०८१/०८२ मा आवश्यक बजेट विनियोजन भै नगरपालिकाले फोहोरमैला व्यवस्थापनको दिर्घकालिन सोंच राखी फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको प्रकृया अंगाडी बढाउन लागेको हुँदा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. ८४०७२०/-लेखा समितिमा छलफल गरी नियमित गर्नको लागि नगर कार्यपालिकाबाट पेश भए बमोजिम नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**२. दफा ३३ मा** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिंग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्नेमा वडा नं ९ मा थुम्सी बजार नारायणी नदी तटबन्धनको विल भुक्तानी गर्दा जाली भर्ने कार्यमा खरिद संख्या भन्दा १४ थान बढी जाली भर्ने कार्य अनियमित देखिएको भनी रु. ९३४५० बेरुजु कायम भएको

उल्लेखित प्रतिवेदनको दफा ३३ को बेरुजुको सन्दर्भमा वडा नं ९ को थुम्सी बजार नारायणी नदीको बहावको कारण जोखिममा परेको र सो स्थान सुरक्षितको लागी स्विकृत बार्षिक कार्यक्रममा बिनियोजित रकमबाट तट्बन्धनको काम गरिएको र काम गर्दै जाँदा थप काम गर्नु पर्ने आवश्यक देखिएको हुँदा १४ थान बढी जाली प्रयोग गरि सोमा ढुङ्गा भर्ने कार्य गरिएको हो,यसबाट कुनै पनिसरकारी हानी नोक्सानी भएको नदेखिंदा लेखापरिक्षण प्रतिवेदनमा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. ९३४५०/-लेखा समितिमा छलफल गरी नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**३. दफा ३७ मा** कार्यालयले मेशिन औजार उपकरणहरुको आवश्यक नपर्ने श्रममुलक कार्य तथा रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सकिने प्रकृतिका कार्यहरु जिम्मेवारी दिनुपर्ने आर. सि.सि., फ्रेम स्टक्चर सहितका भवन पुल कल्भर्ट ओभरहेड टंकी निर्माण, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पुर्वाधार संरचना निर्माण कार्य उपभोक्ता समितिबाट गरेकोमा यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त देखिने भनी अनियमित देखिएको बेरुजु रकम रु. ३९६०८८७ रहेको ।

मदन भट्ट अधिकारी
नगर प्रमुख

| गो.भौ.नं | मिति | योजनाको नाम | उ.स.को नाम | मुल्यांकन रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ४२ | २०७९।०६।०७ | बुद्धमार्ग जोड्ने बाटो | सिद्धरा टोल विकास समिति | ४९०४३६ | ३८८००० |
| ६२ | २०७९।०७।०४ | आइत कुमालको घरदेखि नगर कुमालको घर सम्म | बेलटारी टोल सुधार समिति | १७४४३५५ | १३५८००० |
| ७४ | २०७९।०७।०४ | वडा नं १३ गणेश मार्ग स्तरोन्नति | गणेश मार्ग निर्माण समिति | ७८२७१९ | ६१७६३० |
| १५८ | २०७९।०९।०७ | पिच बाटो निर्माण | वडा नं १४ जेनिथर चोक देखि पश्चिम अमरपथ बाटो समिति | १०९७१८३ | ८९७२५७ |
| १७६ | २०७९।०९।१४ | पिच बाटो निर्माण | वडा नं ५ उज्जवल मार्ग बाटो निर्माण समिति | ८५७११४ | ७००००० |
| जम्मा | | | | ४९७१८०७ | ३९६०८८७ |

उल्लेखित प्रतिवेदनको दफा ३७ को बेरुजुको सम्बन्धमा उल्लेखित योजना संचालनको लागी यस कार्यालयबाट पटक पटक ठेक्का प्रक्रिया अंगाडी बढाईएको तर कुनै पनि ठेक्का नपरेको हुँदा उपभोक्ता समितिमार्फत उक्त योजनाहरु संचालन गरिएको हो यसबाट योजनाको गुणस्तरमा कुनै फरक नपरेको र यसबाट थप व्ययभार र सरकारी हानि नोक्सानी नभएको हुँदालेखापरिक्षण प्रतिवेदनमा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. ३९६०८८७/-लेखा समितिमा छलफल गरी नियमित गर्नको लागि नगर कार्यपालिकाबाट पेश भए बमोजिम नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

३. दफा ५८ मा मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सन्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था गर्नुपर्नेमा सो व्यवस्थाको पालना बेगर यो वर्ष छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्लास्थित विभिन्न निकायलाई विभिन्न खर्चमा भुक्तानी गरी यस कार्यालयले खर्च लेखि अनियमित गरेको भनी रु. १२२४८६० बेरुजू कायम भएको।

| क्र.सं | मिति | गो. भौ.नं | विवरण | निकायको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | ०८०।०३।१ | २३९९ | आकाश थापा मगर लागु औषध दुर्व्यसनमा फसेको पुनःस्थापना केन्द्र राखेको खर्च रकम आर्थिक सहायता | परिवर्तन नेपाल पुनःस्थापना केन्द्र | २०००० |
| २ | ०८०।०३।१९ | २३९३ | जिल्ला भेलामा सहायता रकम भुक्तानी | अखिल नेपाल महिला संघ(क्रान्तकारी) | २५००० |
| ३. | ०८०।०३।२० | २४४४ | संस्थामा आवद्द शिक्षक शिक्षिकाहरुलाई सम्मान कार्यक्रम | नेपाल निवृत्त शिक्षक समाज | १५००० |
| ४ | ०८०।०३।२० | २४४ | काठमाण्डौंमा आयोजना हुने राष्टिय सम्मेलनको व्यवस्थापनका लागी सहायता रकम भुक्तानी | नेपाल दलित मुक्ति मोर्चा | १५००० |
| ५ | ०८०।०३।२० | २४३७ | प्रथम गण्डकी प्रदेश सम्मेलन गर्नको लागी सहायता रकम भुक्तानी | नेपाल राष्टिय अभिभावक संघ गण्डकी प्रदेश समिति | १२००० |
| ६ | ०८०।०३।१३ | २२७६ | बाद्यवादनको सामाग्री खरिदको लागी आर्थिक सहायता रकम भुक्तानी . | गामवेसी सांस्कृतिक कला केन्द्र | १००००० |
| ७ | ०८०।०३।०६ | २१६४ | भ्रमणमा गएको अनुत्पादन खर्चमा भएको खर्च | कालिका छात्र परिषद कालिका संस्कृत विद्या पिठ | ३०००० |
| ८ | २०८०।०३।०७ | २१८५ | मालपोत कार्यालय, कावासोतीलाई ३३० थान मोठ बान्डिगं गर्नको लागी सहायता रकम भुक्तानी | मालपोत कार्यालय कावासोती | १४७१८० |
| ९ | ०७९।०६।१३ | ३१८ | मालपोत कार्यालयलाई तामेली लिखत रिवाइन्डिगं गरेको विल भुक्तानी | मालपोत कार्यालय कावासोती | १४७१८० |
| १० | २०८०।०३।०१ | २१०८ | दलित जागरण तथा सशक्तिकरण कार्यक्रम सम्पन्न गर्नको लागी रकम भुक्तानी | नेपाल दलित मुक्ति अभियान | १००००० |
| ११ | ०८०।०३।०८ | २२०० | वडा ४ जेष्ठ नागरिकका लागी सत्संग व्यवस्थापन गर्न | श्री सिध्दिविनायक गणेश पञ्चायन मन्दिर | ५०००० |
| १२ | ०८०।०२।०९ | १९०८ | जिल्ला अदालत कावासोतीलाई | नवलपुर नवलपुर जिल्ला | ९९५०० |

सुदन भक्त अधिकारी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यालय सामाग्री कम्प्युटर, प्रिन्टर लगायतका सामाग्री खरिद गर्नको लागी रकम भुक्तानी | अदालत कावासोती | |
| १३ | ०८०।०२।०५ | १८४३ | प्रथम राष्टिय महाधिवेशन खर्च रकम भुक्तानी | एकीकृत टेड युनियन महासंघ नेपाल | २५००० |
| १४ | २०८०।०१।२५ | १६१८ | कृषि क्षेत्रमा नीतीगत सुधार र कार्यान्वयनमा किसानहरुको उत्तरदायित्व एवं पहलकदमी सम्बन्धी अन्तरक्रिया सहयोग | अखिल नेपाल महासंघ | ५०००० |
| १५ | २०८०।०१।२४ | १६०९ | गण्डकी प्रदेश स्तरीय राष्टसेवक सहकारीहरुको ३ दिने भेलाको लागी सहयागी रकम | नेपाल निजामति कर्मचारी संगठन नवलपरासी (व.स.पू.) | ३०००० |
| १६. | ०८०।०१।२४ | १५७५ | वडा नं २ को कालिगण्डकी चोक नजिकै वेवारिसे फेला परेको ३ महिनाको बच्चालाई संरक्षणको लागी राखिएको हुँदा सामान्य खर्च रकम | आदर्श होम नेपाल | १५००० |
| १७ | ०८०।०१।२० | १५७५ | २०८० सालको भित्तेपात्रो प्रकाशन गरेको रकम भुक्तानी | नेपाल निजामती कर्मचारी युनियन | २०००० |
| १८ | ०७९।१२।२१ | १३८३ | रक्तसञ्चार सेवाको दिगो संचालन तथा व्यवस्थापन गर्नको लागी सहयोग रकम भुक्तानी | नेपाल रेडक्रस सोसाइटी रक्त सञ्चार कावासोती | १००००० |
| १९। | ०७९।१२।२० | १३७६ | जिल्ला कार्यसमिति नवलपरासी (व.स.पू.)को जिल्ला अधिवेशन २०७९ र साँस्कृतिक कार्यक्रमको रकम भुक्तानी | नेपाल दराई (दरै) उत्थान समाज | ३५००० |
| २० | ०७९।११।०५ | १०९२ | रेडियोको बाह्रौं वार्षिक उत्सव को प्रयोजक खर्च रकम भुक्तानी | सगरमाथा सञ्चार सेवा रेडियो देवघाट | ३०००० |
| २१ | ०७९।१०।२५ | १०३६ | नवलपुरको संचार क्षेत्रको विकास विषयक अन्तक्रिया कार्यक्रमको रकम भुक्तानी | नेपाल पत्रकार महासंघ १००००० | |
| २२ | ०७९।०८।२१ | ६४० | वृद्द आचार्य अभिनन्दन समारोह गरेको विल भुक्तानी | श्रीमद रामानुज वेद विद्याश्रम | ५१००० |
| २३. | ०७९।०७।०३ | ३९५ | सहायता रकम भुक्तानी | राष्टिय प्रजातान्त्रिक विद्यार्थी संगठन | ३५०० |
| २४. | ०७९।०५।२८ | १४८ | दिवसिय जीवन उपयोगी सिपमा आधारित तालिम सहायता रकम भुक्तानी | प्राज्ञिक विद्यार्थी परिषद नेपाल | ४५०० |
| | | | जम्मा | | १२२४८६० |

मदन भक्त अधिकारी
नगर प्रमुख

उल्लेखित प्रतिवेदन बफत ५८ को बेरूजुको सम्बन्धमा यस कार्यालयले जिल्ला स्थित सरकारी कार्यालय एवं अन्य सरोकारवाला संस्थाहरूलाई माग भए बमोजिम सहयोग गरिएको यसबाट ति सरकारी कार्यालयहरूको सेवा प्रवाहमा थप प्रभावकारीता एवं सरोकारवाला संस्थाहरूबाट विषयमूलक कृयाकलाप लगायतका कार्यक्रमबाट सरोकारवालाहरूले फाईदा लिन सकेको हुँदा लेखापरिक्षण प्रतिवेदनमा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. १२२४८६०/-लेखा समितिमा छलफल गरी नियमित गर्नको लागि नगर कार्यपालिकाबाट पेश भए बमोजिम नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. बफत ५९ मा अर्थ मन्त्रालयको निर्देशित मार्गदर्शनमा आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनको लागी भुक्तानी दिंदा इ.एफ्. टी मार्फत फर्म तथा संस्थालाई भुक्तानी दिनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले विभिन्न मर्मत कार्यको भुक्तानी तथा कार्यक्रम सञ्चालन गर्नको लागी सम्बन्धित फर्म तथा संस्थालाई भुक्तानी नदिई कार्यालयका कर्मचारी तथा पदाधिकारी लाइ भुक्तानी दिएको रकम अनियमित भएको रकम रु. ३५६६०६ ।

| क्र.सं. | गो.भौ.नं र मिति | विवरण | भुक्तानी लिने व्यक्ति | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १९६१।०८०।०२।१८ | वडा नं ३ को अतिथि सत्कार रकम व्यक्तिको नाम भुक्तानी | गौशम न्यौपाने | ११७७० |
| २. | १९६०।०८०।०२।१७ | वडा नं १८ को वडा कार्यालयको जिन्सी सामाग्री रिभल्विंग चियर लगायत सामाग्री | विष्णुप्रसाद ढकाल | ११७६४१ |
| ३ | १९०७।०८०।०२।०८ | वडा नं १७ को कार्यालय सामाग्री खरिद रकम वडा सचिवको नाममा भुक्तानी | सुमन पौडेल | २९५४७ |
| ४ | १६४४।०८०।०१।२८ | वडा नं ११ को खेलकुद ७५ वर्ष माथीका आमाहरूको सम्मान खर्च सम्बन्धितको खातामा भुक्तानी नभएको | सम्झना रिमाल | ३८५०० |
| ५. | १५७०।०८०।०१।१९ | वडा नं ९ को जेष्ठ नागरिक लक्षित कार्यक्रम रकम भुक्तानी | तेजेन्द्र प्रसाद सुवेदी | २७७७७ |
| ६. | १५७१।०८०।०१।१९ | बंगुरको पाठापाठी खरिद गर्दाको रकम व्यक्तिको नाममा भुक्तानी | जसबहादुर दर्लामी | २७७५० |

मदन भट्ट अधिकारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ७. | ११३।०७९।१०।०३ | वडा नं ३ को श्रमिकहरुको खाना खाजा खर्चको रकम भुक्तानी | गोपाल आचार्य | २३४५० |
| ८. | ८५९।०७९।०९।१९ | वडा नं ८ को विभिन्न सामाग्रीको रकम भुक्तानी | राधा पौडेल लम्साल | २७८४० |
| ९ | ८४९।०७९।०९।१७ | वडा नं ९ को पंखा कुलर लगायत सामाग्रीको बिल भुक्तानी | चन्द्र प्रसाद भुसाल | ५२६९१ |
| जम्मा | ३५६६०६ | | | |

उल्लेखित प्रतिवेदन दफा ५९ को बेरुजुको सम्बन्धमा वडातथा नगरपालिकाबाट हुने साना साना खर्चहरुको सोधभर्ना भुक्तानी गरिएको हो यसरि भुक्तानी गर्दा राज्यलाई थप व्यभार र सरकारी हानी नोक्सानी नभएको हुँदालेखापरिक्षण प्रतिवेदनमा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. ३५६६०६/-लेखा समितिमा छलफल गरी नियमित गर्नको लागि नगर कार्यपालिकाबाट पेश भए बमोजिम नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

६. दफा ६३ मा कार्यालयले प्राकृतिक प्रकोप महामारी जस्ता आपतकालिन अवस्थामा खर्च गर्ने प्रयोजनको लागी विपद व्यवस्थापन कोषमा रहेको रकम सुरक्षित राख्नुपर्नेमा ग्याबिन जालि लगाउने कार्यमा खर्च गरेकोले अनियमित देखिएको रु.५००००० । उल्लेखित प्रतिवेदनको दफा ६३ को बेरुजुको सम्बन्धमा विपद व्यवस्थापन कोषमा रहेको रकम वडा नं. ३ मा पहिरो र भल नियन्त्रण गरि बस्ति जोगाउनको लागी ग्याबिन वाल निर्माण गरिएको हो, यसले बस्ति जोगाउन मद्दत पुगेको र यसबाट कुनै पनि सरकारी हानी नोक्सानी पुगेको नभै राम्रो काममा प्रयोग भएको देखिंदा लेखापरिक्षण प्रतिवेदनमा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. ५०००००/-लेखा समितिमा छलफल गरी नियमित गर्नको लागि नगर कार्यपालिकाबाट पेश भए बमोजिम नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

७. दफा ६४ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधार तयार गरी श्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा राखी आयव्ययको अनुमान पेश गर्नुपर्नेमा कार्यालयले विभिन्न काममा नगरसभाबाट योजना स्वीकृत नगरी एकमुष्ठ रकम तोकादेशबाट बजेट खर्च गरेकोले अनियमित भएको भनी रु. ५८५११३ बेरुजु कायम भएको ।

| क्र.सं. | भौ. नं | विवरण खर्च | रकम |
|---|---|---|---|
| १. | १६६ | झाडी सफा गर्दाको खर्चको रकम भुक्तानी | ३५५०० |
| २. | २७९ | वडा नं १० र ११ रिंगरोड सरसफाईमा लागेको खर्चको भुक्तानी | १८२८६ |
| ३. | ३२४ | वार्ड नं १८ हात्तिसाल जाने बाटोमा जे.सि.वि प्रयोगको संलग्न बिलभर्पाइका आधारमा खर्च भुक्तानी | १८८१३९ |

मदन भक्त अधिकारी
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ४. | ४५२ | वडा नं ८ विजय आधारभुत विद्यालयमा सामाग्री व्यवस्थापन विल भुक्तानी | २५८००२ |
| ६. | ५३० | वार्ड नं १२ ह्युमपाइप खरिदको खर्च भुक्तानी | ८५१८६ |
| | | जम्मा | ५८५११३ |

उल्लेखित प्रतिवेदनको दफा ६४ को बेरुजुको सम्बन्धमा स्विकृत बार्षिक कार्यक्रममा छुट हु गएका साना तिना कार्य र आकस्मिक रुपमा गर्नु पर्ने कामको लागी तत्काल नगरसभा बस्ने अबस्था पनि नभएको र काम पनि गर्नु पर्ने अबस्थाको कारण विभिन्न विद्यालय, बाटो सरसफाइ तथा अन्य काममा खर्च गरिएको र सो खर्चलाई पछि बसेको नगरसभाबाट अनुमोदन गरिएको हुँदालेखापरिक्षण प्रतिबेदनमा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. ५८५११३/- लेखा समितिमा छलफल गरी नियमित गर्नको लागि नगर कार्यपालिकाबाट पेश भए बमोजिम नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

८. दफा ६९ मा विद्यालय क्षेत्र सुधार कार्यक्रमकार्यान्वयन पुस्तिका मा प्रति विद्यार्थि लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापनका लागी विद्यालयमा अध्ययनरत विद्यार्थी एकीन गरी विद्यालयले सहभागी विद्यार्थीहरुको बैंक खातामा रकम उपलब्ध गराउने व्यवस्था रहेकोमा विद्यालयले भर्पाइ मार्फत रकम वितरण गरेको अनियमित भएको भनी रु.२०४००० बेरुजु कायम रहेको।

उल्लेखित प्रतिवेदन दफा ६९को बेरुजुको सम्बन्धमा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्यक्तिगत बैंक खाता नभएको र कतिपय विद्यार्थीहरुको आमाबुवाको नाममा पनि बैंक खाता नभएको हुँदा विद्यालयले सो रकम विद्यार्थीहरुलाई नगदै बुझाएर भर्पाइ गराएको र सो रकम विद्यार्थीले नै बुझेको र अध्ययनको लागी खर्च गरेको हुँदा सो रकम नगदै बितरण गर्दा कुनै सरकारी हानी नोक्सानी र अनियमित नभएको हुँदा लेखापरिक्षण प्रतिबेदनमा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. २०४०००/-लेखा समितिमा छलफल गरी नियमित गर्नको लागि नगर कार्यपालिकाबाट पेश भए बमोजिम नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

९. दफा ७२ मा स्थानीय तहले विद्यालयको भौतिक निर्माण कार्यमा खर्च प्रयोजनको लागी उपलब्ध हुने अनुदान रकम विद्यालयलाई उपलब्ध गराउँदा सम्पादन हुने कार्यक्रमको लागत अनुमान तथा विद्यालयको ड्रोईङ्ग डिजाइनिगं सहितको गुरुयोजना निर्माण सहित अनुदान माग गर्नलगाई उपलब्ध गराउने विद्यालयको भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र विद्यालय खरिद दिग्दर्शन भित्र रही निर्माण कार्य संचालन गर्ने तथा उक्त बजेट विद्यालय र स्थानीय तहबीच सम्झौता गरी कार्यप्रगतिको आधारमा उपलब्ध गराउनुपर्नेमा विद्यालयले नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत शैक्षिक व्यवस्थापकीय एवं प्रशासनिक कार्यसम्पादन अनुदान कार्यान्वयन कार्ययोजना तयार पारी कार्यालयमा पेश गरेकोमा आफैंले पेश गरेको कार्ययोजना अनुसार कार्य हुन नसकेको र कार्ययोजनामा शिक्षकको तलव भत्ताको लागी कार्ययोजनामा छुट्याएको भन्दा बढी रकम शिक्षकको तलव भत्तामा खर्च गरेको रकम अनियमित देखिएको भनी रु. ३२४००० बेरुजु कायम भएको।

उल्लेखित प्रतिवेदनको दफा ७२ को बेरुजुको सम्बन्धमा विद्यालयले कार्ययोजना बनाई पेश गरे अनुसार खर्च भएको र पछि अध्यापन गराउने शिक्षकलाई तलव भत्ता दिन अपुग भएको हुँदा व्यवस्थापन समितिको निर्णय अनुसार सो

मदन भक्त अधिकारी
नगर प्रमुख

रकम खर्च गरिएको हो यसबाट कुनै सरकारी हानी नोक्सानी भएको नदेखिंदालेखापरिक्षण प्रतिबेदनमा अनियमित देखिएको भनि कायम भएको बेरुजु रकम रु. ३२४०००/-लेखा समितिमा छलफल गरी नियमित गर्नको लागि लागि लागि लागि लागि लागि लागि नगर कार्यपालिकाबाट पेश भए बमोजिम नियमित गरी लगत कट्टा गर्नको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

अन्त्यमा गैंडाकोट नगरपालिकाको विकास निर्माण लगायतका कार्यमा सहयोग गर्ने नेपाल सरकार,गण्डकी प्रदेश सरकार, सम्पूर्ण नगर सभा सदस्यहरु ,राष्ट्रसेवक कर्मचारीहरु ,स्थानीय राजनीतिक दलहरु, आम नागरीक, पत्राकार जगत, संघ संस्था सबैमा हार्दिक धन्यवाद दिदै आगामी दिनहरुमा समेत यसै बमोजिमको सहयोग समन्वय र सहकार्यको लागि हार्दिक आग्रह गर्दै मिति २०८१ माघ ०४ गते १६ औं नगर सभाको अधिवेशन सम्पन्न गरियो।

मदन भक्त अधिकारी
नगर प्रमुख